**निर्णयहरू:**

१. बेरुजु फछ्र्यौटका सम्बन्धमा देहायबमोजिमका कार्यहरू सम्पन्न गरी मिति २०८०/१२/१६ गते कार्यालय समयभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

(क) मिति २०८०/१०/०८ को सचिव बैठकको निर्णायानुसार बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी गर्नुपर्ने भनी उल्लेख भएका सात वटा क्रियाकलापहरुको बुँदागत प्रगति विवरण।

(ख) महालेखा परीक्षकको कार्यालय र सार्वजनिक लेखा समितिसँगको प्रस्तावित बैठकमा उठाउनुपर्ने आ-आफ्नो मन्त्रालय/निकायको बेरुजुसम्बन्धी मुद्दा (Issue) हरू।

बेरुजु फछ्र्यौट सम्बन्धमा उपरोक्त बमोजिम प्रशासन महाशाखा अन्तर्गत आर्थिक प्रशासन शाखाले गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०८०/१२/१८ गतेदेखि देहायका विषयलाई समेत प्राथमिकतामा राखी समयवद्ध रूपमा सम्बन्धित मन्त्रालय/निकायका सचिवहरूसँग बैठक बसी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको मस्यौदालाई परिमार्जन गर्ने।

(क) सरकारमा सहभागी दलहरुका न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पका विषयहरू।

(ख) उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि गर्ने कार्यक्रमहरू।

(ग) मानव विकास सूचकाङ्कमा पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिने कार्यक्रमहरू।

(घ) जनतालाई प्रत्यक्ष राहत दिने र सेवा प्रवाहमा शीघ्र सुधार ल्याउने कार्यक्रमहरू।

(ङ) तुरुन्त प्रतिफल दिने र दीर्घकालीन आशा जगाउने कार्यक्रमहरू।

उक्त छलफलमा अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको प्रतिनिधि अनिवार्य रुपमा रहने व्यवस्था मिलाउने।

३. प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुँदा नं. २ मा उल्लेख गरिएका विषयहरूमा आधारित रही नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने प्रदेशगत प्राथमिकताका विषय क्षेत्रहरू उल्लेख गरी मिति २०८०/१२/१६ गतेसम्ममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२०८०/१२/१४

मुख्य सचिव

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं